## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## पिपरा गाउँपालिका

### महोत्तरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## पिपरा गाउँपालिका

## महोत्तरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## पिपरा गाउँपालिका

### महोत्तरी

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**मधेश प्रदेश**

पत्र संख्याः २०७८।७९
च.नं.०४२ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,
पिपरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
महोतरी ।

**कैफियत सहितको राय**

हामीले पिपरा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.४ करोड ५२ लाख ६९ हजार बेरुजू देखिएको छ। सो सम्वन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ करोड १८ लाख लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ४९ लाख ८७ हजार, नियमित गर्नुपर्ने रु ६९ लाख ८९ हजार र पेश्की रू.१४ लाख ६१ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ८२ करोड ३० लाख ९८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ८६ करोड ८३ लाख ६७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

पिपरा गाउँपालिका, महोत्तरी

**1. चालु वर्षको बेरुजु २०७८।७९**

**1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फर्छ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४९ | ७५ | ४५२६९ | ० | ० | ० | ४९ | ७५ | ४५२६९ | ११८३२ | ६९८९ | २४९८७ | ० | ० | ३१९७६ | १४६१ |

**1.2 प्रतिक्रियाबाट फस्यौट गरिएका दफाहरुको स्विकृत विवरण**

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९**

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फर्छ्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पिपरा गाउँपालिका | ८२३०९८ | ० | ० | ८२३०९८ | ० | ४५२६९ | ८६८३६७ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : पिपरा गाउँपालिका, महोत्तरी , पिपरा गाउँपालिका , महोत्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Shambhu Thakur | २०७८-११-३ | हाल सम्म कार्यरत |
| लेखाप्रमुख | मनमोहन सिंह | २०७८-०४-०१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४५,२६८,६३७.०१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १२,३१,०७,७४४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६,४९,५७,००० | **चालु खर्च** | २६,३७,६०,९१५ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,६९,६२,००० | **पूँजीगत खर्च** | १२,४३,९९,३७७ |
| **राजश्व बाँडफाँट** | ८,३७,९२,२९० | **वित्तीय/अन्य व्यवस्था** | १३,६९,८७,१६५ |
| **आन्तरिक आय** | ७३,९३,२३७ | | |
| **अन्य आय** | १४,४१,८२,३५२ | | |
| **कुल आय** | ६४,७२,८६,८७९ | **कुल खर्च** | ५२,५१,४७,४५७ |
| **बाँकी मौज्दात** | | २४,५२,४७,१६६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा ३९.९८ वर्ग किलोमिटर क्षेत्रफल तथा ३५५२४ जनसंख्या रहेको छ । | |
| २ | | | **वितिय विवरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ: | |

वित्तीय प्रतिवेदन

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५५,१६,६२,६६१.७० | ५१,३६,१९,००३.२९ | | ५१,३६,१९,००३.२९ | ४३,९९,६१,०७९.४२ | | ४३,९९,६१,०७९.४२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५५,०२,६२,६६१.७० | ५०,३१,०४,५२७.०८ | ० | ५०,३१,०४,५२७.०८ | ४२,२२,०८,५२६.४२ | ० | ४२,२२,०८,५२६.४२ |
| ११००० कर | ११ | १०,०१,५०,०००.०० | ८,७१,२९,४९६.५८ | ० | ८,७१,२९,४९६.५८ | ७,०८,७१,१२५.०३ | ० | ७,०८,७१,१२५.०३ |
| १३००० अनुदान | | ४१,३२,१९,०००.०० | ४१,१९,१९,०००.०० | ० | ४१,१९,१९,०००.०० | ३३,५५,२३,२७०.०० | ० | ३३,५५,२३,२७०.०० |
| संघीय सरकार | १२ | ३६,६२,५७,०००.०० | ३६,४९,५७,०००.०० | ० | ३६,४९,५७,०००.०० | ३१,५१,७०,२७०.०० | ० | ३१,५१,७०,२७०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश सरकार | १२ | ४,६९,६२,०००.०० | ४,६९,६२,०००.०० | ० | ४,६९,६२,०००.०० | २,०३,५३,०००.०० | ० | २,०३,५३,०००.०० |
| १४००० अन्य राजस्व | | ३,३८,९३,६६१.७० | ४०,५६,०३०.५० | ० | ४०,५६,०३०.५० | १,५८,१४,१३१.३९ | ० | १,५८,१४,१३१.३९ |
| १५००० विविध प्राप्ति | | ३०,००,०००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १४,००,०००.०० | १,०५,१४,४७६.२१ | | १,०५,१४,४७६.२१ | १,७७,५२,५५३.०० | | १,७७,५२,५५३.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १४,००,०००.०० | १४,००,०००.०० | ० | १४,००,०००.०० | १०,००,०००.०० | ० | १०,००,०००.०० |
| धरौटी | | ० | ९१,१४,४७६.२१ | ० | ९१,१४,४७६.२१ | १,६७,५२,५५३.०० | ० | १,६७,५२,५५३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६७,३९,३४,०००.०० | ३९,१४,७९,५८०.७५ | | ३९,१४,७९,५८०.७५ | ४८,५१,६०,३२६.४१ | | ४८,५१,६०,३२६.४१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६७,२५,३४,०००.०० | ३८,८१,६०,२९१.६७ | | ३८,८१,६०,२९१.६७ | ४२,९७,३२,३७२.५२ | | ४२,९७,३२,३७२.५२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७,०३,६०,०००.०० | १४,९५,७७,६७५.८९ | ० | १४,९५,७७,६७५.८९ | १४,३७,६७,९७३.८३ | ० | १४,३७,६७,९७३.८३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,५४,३५,०००.०० | ५,७१,२८,५३१.७८ | ० | ५,७१,२८,५३१.७८ | १०,५१,३२,३०५.७४ | ० | १०,५१,३२,३०५.७४ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | ३४,४६,१६०.०० | ० | ३४,४६,१६०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,९४,६२,०००.०० | ६२,०५,२८५.०० | ० | ६२,०५,२८५.०० | १,८१,१९,०१२.०० | ० | १,८१,१९,०१२.०० |
| २८००० अन्य खर्च | १८ | ५,४३,००,०००.०० | ५,०८,४९,४२२.०० | ० | ५,०८,४९,४२२.०० | २०,५०,८१७.०० | ० | २०,५०,८१७.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३०,२९,७७,०००.०० | १२,४३,९९,३७७.०० | ० | १२,४३,९९,३७७.०० | १५,७२,१६,१०३.९५ | ० | १५,७२,१६,१०३.९५ |
| घ. अन्य भूक्तानी | | १४,००,०००.०० | ३३,१९,२८९.०८ | | ३३,१९,२८९.०८ | ४८,५१,६०,३२६.४१ | | ४८,५१,६०,३२६.४१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | १४,००,०००.०० | १३,९९,७०९.०० | ० | १३,९९,७०९.०० | ४,१५,८६,४४९.५४ | ० | ४,१५,८६,४४९.५४ |
| धरौटी | | ० | ३४,१२,५७१.८६ | ० | ३४,१२,५७१.८६ | १,३८,४१,५०४.३५ | ० | १,३८,४१,५०४.३५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१४,९२,९९१.७८) | | (१४,९२,९९१.७८) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (१२,२२,७१,३३८.३०) | १२,२१,३९,४२२.५४ | | १२,२१,३९,४२२.५४ | (४,५१,९९,२४६.९९) | | (४,५१,९९,२४६.९९) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १२,३१,०७,७४४.०८ | | १२,३१,०७,७४४.०८ | २१,०८,४०,४२८.३७ | | २१,०८,४०,४२८.३७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१२,२२,७१,३३८.३०) | २४,५२,४७,१६६.६२ | | २४,५२,४७,१६६.६२ | १६,५६,४१,१८१.३८ | | १६,५६,४१,१८१.३८ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | २४,५६,२०,९४७.२० | | २४,५६,२०,९४७.२० | १३,५४,७८,०६७.९६ | | १३,५४,७८,०६७.९६ |

वित्तिय विवरणमा समावेश नभएका शीर्षकहरु

| शीर्षक | निकासा | खर्च |
|---|---|---|
| सामाजिक सुरक्षा | 132544175 | 132544175 |
| सडक वोर्ड | 1123701 | 1123701 |
| जम्मा | 133667876 | 133667876 |

३

**लेखापरीक्षणको क्रममा असुली**

अनुसूची २१ फिर्ता गर्न बाँकी अनुदान रु.९,२६,६९,३३१.२५ देखाएकोमा पालिकाले लेखापरीक्षणको क्रममा संघीय श्रोतको

| | | | | |
|---|---|---|---|---|
| | | | रु.८,११,३६,०५३.२५ र प्रदेश श्रोतको रु.१,१५,३३,२७८.०० फिर्ता गरेको छ । | |
| ४ | | | **कानून निर्माण एवं कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमाकानून निर्माण- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले हालसम्म के कति ऐन, नियमावली, कार्यविधि, निर्देशिका कानून बनाएको विवरण पेश भएन । पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय तथ्याङ्क , विपद् व्यवस्थापन, भाषा संस्कृति लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ। निर्माण भएका कानूनहरुलाई संघीय तथा प्रादेशिक कानूनबमोजिम संशोधन तथा अद्यावधिक गर्नेतर्फ पालिकाले ध्यान पुर्‍याउनुपर्दछ । | |
| ५ | | | **राजस्व असुली तथा आन्तरिक नियन्त्रण** | |
| ५.१ | | | नगदी रसिद : पालिकाले वडा कार्यालय २ मा मालपोत रसिद १० ठेली र नगदी रसिद २ ठेली समेत १२ ठेली र वडा न ६ मा मालपोत ठेली १८ वटा र नगदी रसिद ५ समेत जम्मा २३ नगदी रसिद वुझि लिएकोमा उक्त वडाबाट लेखापरीक्षणको अवधी सम्म कुनै रकम प्राप्त नभएकोले पालिकाबाट तत्काल छनविन समिति गठन गरी समयमा आम्दानी दाखिला नगर्ने कर्माचारीलाइ कानुन बमोजिम कारवाही गर्नुपर्ने देखिन्छ । | |
| ५.२ | | | **असुल गर्न बाँकी आन्तरिक आय:** स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तरगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापतको बक्यौता रकम समेत असुल गर्ने व्यवस्था छ ।पालिकाले पोखरीको ठेक्का गरी सम्झौता गरेकोमा निम्न व्यक्ति तथा निर्माण व्यवसायीले सम्झौतामा उल्लेख गरेको रु.६८९५५४२। पालिकामा वुझाउनु पर्नेमा बक्यौता बाँकी रहेको उक्त रकम सम्झौतामा उल्लेख गरेको व्याज समेतको हिसाव गरी पालिकाको संचित कोषमा दाखिला गर्नुपर्ने रु | ६,८९५,५४४ |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| ५.२.१ | गा पा पछाडी डबरा वडा न ४ (राम मुखिया ) | २१,००० |
| ५.२.२ | चमरखल्ली पोखरी वडा न ४(सुशिल कापर ) | ९,००० |
| ५.२.३ | ठुलो सुव्बा पोखरी कम्हरा खत्ता समेत वडा न ५(श्याम सुन्दर यादव) | १०,३१,२०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ५.२.४ | डबरा ठुलो र सानो वडा न ५(राम आशिष मुखिया ) | २,००,२११ | |
| | | | ५.२.५ | तिलका पखरी वडा न ७(राजिव कुमार झा) | २,०१,००० | |
| | | | ५.२.६ | थानपोखरी वडा न ७(अमर सहनी ) | ३,९१,५०० | |
| | | | ५.२.७ | दिदियाही पोखरी वडा न ३(राम विर यादव) | ६,५०,००० | |
| | | | ५.२.८ | देविस्थान पोखरी वडा न ४(सन्तोष यादव) | १,५०,००० | |
| | | | ५.२.९ | धोवियाही पोखरी वडा न २(ईसराफिल राइन) | १,५०,२०० | |
| | | | ५.२.१० | पुर्नि पोखरी वडा न ७(राम कुमार ठाकुर) | ६,१५,००० | |
| | | | ५.२.११ | पैनपिवी पोखरी वडा स ५(निरस मुखिया) | ५,२०,००१ | |
| | | | ५.२.१२ | बौना पोखरी वडा न ६(रामशरण मुखिया ) | ९५,००० | |
| | | | ५.२.१३ | मटकोरावा चभचा पोखरी वडा न २(रविन्द्र प्रसाद अधिकारी) | २,७३,११० | |
| | | | ५.२.१४ | महिमिश्र पोखरी वडा न ५(रामपरीक्षण मुखिया) | २,६१,००० | |
| | | | ५.२.१५ | लक्ष्मीसागर पोखरी वडा न ७(राम लखन सहनी) | ९,०५,००० | |
| | | | ५.२.१६ | लवकी पोखरी डवरा समेत वड न १(शिकिन्दर ठाकुर) | २,९०,२२२ | |
| | | | ५.२.१७ | लवकी पोखरी वडा न ४(लखन मुखिया) | ५,२०,१०० | |
| | | | ५.२.१८ | सलवका पोखरी वडा न (चिन्ट कुमार मण्डल) | १,११,००० | |
| | | | ५.२.१९ | सिसवाहा पोखरी वडा न ५(गणेश दास तत्मा ) | १,५०,००० | |
| | | | ५.२.२० | हर्दिया पोखरी वडा न ५(बंशराज मुखिया ) | ३,५१,००० | |
| ५.३ | | | गत वर्षको जिम्मेवारी सहितको राजस्व लगत अद्यावधिक गरी राख्नु पर्नेमा गत वर्षको राजस्व बक्यौता यस वर्षको अभिलेखमा | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | अद्यावधिक गरेको देखिएन । उठ्न बाँकी राजस्वलाई असुल गर्ने तर्फ पालिकालले जोड गर्नुपर्ने देखिन्छ । | |
| ५.४ | | | आन्तरिक आय : पालिकामा प्राप्त हुने आयलाइ व्यवस्थित रुपमा अभिलेख राखी आम्दानीको चुस्त दूरुस्त अभिलेख राख्नुपर्नेमा राजश्व शाखाले अभिलेख राखेको पाइयन । पालिकाले १ देखि ७ वडा कार्यालयमा मालपोत रसिद ९५ वटा ठेली र नगदी रसिद ४० ठेली वडा कार्यालयमा दिएकोमा लेखपरीक्षण अवधी सम्म कुनै पनि वडाले मालपोत र नगदी रसिदको ठेली पेश नभएकोले पालिकामा कती आम्दानी भयो भनि यकिन गर्न सकियन। मालपोत तथा अन्य नगदी रसिदको ठेली सहित वडा कार्यालयबाट समयमै पालिकामा वुझाउनु पर्नेमा वडा कार्यालयबाट रकम जम्मा गरेको भौचर मात्र पेश गर्ने गरेकोले पालिकाले वडा कार्यालयमा प्रयोग भएका मालपोत तथा नगदी रसिदबाट कति रकम प्राप्त भयो भनि यकिन गर्न छानविन समिति गठन गरी आम्दानी यकिन गर्नुपर्ने देखिन्छ । | |
| ५.५ | | | राजश्व अभिलेख : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ को उपनिय ३ मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ।पालिकाले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ र १०८ प्रयोग नगरी आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०३ र म.ले.प.फा.नं. १०८ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेको छ । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने र दैनिक प्राप्त भएको आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| ५.६ | | | राजस्व व्यवस्थापन तथा बृद्धिको लागि पालिकाले आफ्नो अधिकार क्षेत्र अन्तर्गत रही नियम, निर्देशिका वा परिपत्रहरु जारी गरी राजस्व उठाउनुपर्नेमा पालिकाले आफ्द्दव अधिकार क्षेत्र भित्र रहेर राजस्व व्यवस्थापन सम्बन्धि आवस्यक नियम कानुन तथा परिपत्र जारी गर्ने गरेको देखिएन । जसले गर्दा राजस्वको दायरा बढाउन नसकि आन्तरिक आम्दानी तोकेको लक्ष अनुसार हुन सकेको देखिदैन । त्यसैले पालिकाले आन्तरिक राजस्वको दायरा बढाएर राजस्वलाई बृद्धि गर्ने तर्फ जोड दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ६.१ | | | आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु | |

| | | | | |
|---|---|---|---|---|
| | | | देहाय बमोजिम रहेका छन ।<br><br>• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा खर्च गरेको छ ।<br><br>• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।<br><br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।<br><br>• सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।<br><br>• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत १९२ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br><br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।<br><br>• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।<br><br>• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु | |

| | | | | |
|---|---|---|---|---|
| | | | उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.१६ लाख ८८ हजार र सभा सञ्चालनमा रु.७ लाख ७ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।<br><br>• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालय सामाग्रि तथा मसलन्दमा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै रु.४१ लाख खर्च गरेको देखियो । नियममा व्यवस्था भएको व्यवस्था पालना गरेर मात्र खर्च गर्नुपर्दछ ।<br><br>• पालिकाले लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।<br><br>• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।<br><br>• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।<br><br>• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।<br><br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६.२ | | | सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ९०५ बमोजिम | |

| | | | | |
|---|---|---|---|---|
| | | | सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखी अद्यावधिक गर्नुपर्नेमा नगरेकोले मलेप फारामहरु पूर्णरुपमा लागु गर्नुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ७ | | | **वित्तीय विवरण** | |
| ७.१ | | | बैङ्क हिसाव विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ । | |

| **खाता** | **स्रेस्ता अनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| ग २.१, चालू खर्च खाता- विजोर वर्ष | ९,५७,४६,०११.८८ | ५,१८,२८,५२८.१३ | (४३९१७४८३.७५) |
| ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | १३,५१,०९,४५०.६१ | ४,२८,१५,७४४.०० | (९२२९३७०६.६१) |
| ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | ५०,००,०००.०० | | (५००००००.०) |
| ग २.७, विविध खर्च खाता | २९१.० | ५७,४७,३९२.५४ | ५७४७१०१.५४ |
| ग ३.१, स्धानीय तह धरौटी खाता | १,१४,१२,०९०.७१ | १,१४,७५,५०९.७१ | ६३४१९.० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ० | १३,०६,०३,१५८.२६ | १३०६०३१५८.२६ |
| जम्मा | २४,७२,६७,८४४.२० | ३३,७१,१४,६०४.७७ | ८९८४६७६०.५७ |

पालिकाले म.ले.फा.नं.२१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ७.२ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३२५४४१७५।र सडक वोर्ड कार्यक्रमको रु.११२३७०१। समेत सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ । | |
| ७.३ | | | सञ्चित कोषमा स्थानान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ५,१८,२८,५२८.१३ पुँजीगत खातामा रु. ४,२८,१५,७४४.०० गरी रु.९४६४४२७२।१३ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| ७.४ | | | फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु.१७,२५,४८,२४५।५५ रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु.१२,७६,०७७४४.०८ जिम्मेवारी सारेको देखिएकोले बढी जिम्मेवारी सारेको रु.७,४३,४५,८१८।०७ को सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| ७.५ | | | शीर्षक गत आर्थिक विवरणमा देखाएको खर्च र बैंक नगदी कितावको आम्दानी, खर्च र बाँकी एक आपसमा भिडान हुनुपर्दछ । पालिकाको सुत्रबाट तयार गरेको म.ले.फा.नं.२७२ तथा एकिकृत आर्थिक विवरणमा खातामा रु.२४५६२०९४७। रहेकोमा बैंकमा रु.२४२४७०३३२।६० रहेकोले रु.३१५०६१४।३६ बैंक घटी देखिएकोले फरक परेको रकम सम्बन्धमा एकिन गरी पेश गर्नुपर्ने रु. | ३,१५०,६१४ |
| ७.६ | | | पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्त विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु.१४,९२,९९१.७८ देखाएको छ । यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम यकिन गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. | १,४९२,९९२ |

| सि. नं. | शीर्षक | डेबिट | क्रेडिट | मौज्दात |
|---|---|---|---|---|
| १ | धरौटी कट्टी | २३,६९,५३६.०० | २५,८८,४८०.०० | (२,१८,९४४.००) |
| २ | कर्मचारी संचय कोष कट्टी | ८०,२९,६९५.१२ | ९०,९१,४४९.९० | (१०,६१,७५४.७८) |
| ३ | अग्रीम आय कर | २४,१०,७४८.८० | २४,७७,४३१.८० | -६६,६८३.०० |
| ४ | पारिश्रमिक कर कट्टी | ६,८७,५१७.३२ | ७,०१,२०४.३२ | -१३,६८७.०० |
| ५ | मूल्य अभिवृद्धि कर कट्टी | २२,६७,१०८.०० | २३,९९,०३१.०० | (१,३१,९२३.००) |
| जम्मा | | १,९२,७२,०९४.२४ | २,०७,६५,०८६.०२ | (१४,९२,९९१.७८) |

७.७ आन्तरिक लेखापरीक्षणः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्रै आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले लेखापरीक्षण अवधिसम्म यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । त्यसैले आगामी दिनमा पालिकाले कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

८ **सम्पत्ति उपयोग र संरक्षण**

८.१ जिन्सी निरीक्षण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

८.२ सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगको अभिलेख, नीति तथा मापदण्ड तयार गर्नुपर्ने र सोको आधारमा पालिकाको क्षेत्र

| | | | | |
|---|---|---|---|---|
| | | | भित्र रहेका सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरी त्यसको अतिक्रमण हुनबाट जोगाउनु पालिकाको दायित्व र जिम्मेवारी हुन्छ । पालिकाले सार्वजनिक सम्पत्तिबारेमा कुनै पनि नीति तथा मापदण्ड तयार नगर्नाले अतिक्रमण हुने जोखिम बढेको देखिन्छ । यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ८.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा प्रतिवेदन तयार गरी पेश गरेको देखिएन । | |
| ८.४ | | | **सम्पत्ति उपयोग र सरक्षण** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४,९५ र ९६ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ ।साथै महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS को माध्ययमबाट सवै सम्पत्तिको एकिकृतको लागि कार्यालयमा विगत र यो बर्षमा खरिद गरेका सामानहरु तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भई आएका जिन्सी माल सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्टि गरी वार्षिक मौज्दात विवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन। यस तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ। | |
| ९ | | | **बजेट व्यवस्थापन** | |
| ९.१ | | | योजनाको प्राथमिकीरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नानुसार वडागत र पालिकास्तरका कुल ३९५ योजनामा वजेट विनियोजन गरेको छ। | |

| | | | | |
|---|---|---|---|---|
| | | | उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १३० योजनामात्र कार्यान्वयन भई २६५ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । | |
| ९.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ को उपदफा (५) बमोजिम बजेट र कार्यक्रमका सम्बन्धमा कार्य सम्पादन करार हुनु पर्दछ । बजेट निकासा गर्दा वार्षिक खरिद योजना, उपलव्धी मापन सूचक, कार्यान्वयनको समय तालिका समावेश भएको कार्य योजना सहित कार्य सम्पादन करार गर्नुपर्नेमा गरेको देखिएन । | |
| ९.३ | | | वार्षिक कार्यक्रममा अनुगमन मुल्याङ्कन गरी भौतिक तथा वित्तिय प्रगति भए नभएको यकिन गरी समिक्षा सहित प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रमको प्रगति समिक्षा तथा प्रतिवेदनको अवस्था सन्तोषजनक रहेको देखिएन । मूख्य मूख्य कार्यक्रमहरु नियमित कार्य क्षेत्रका कार्यक्रम बारेमा स्वीकृत कार्यक्रमको प्रगति मापन सूचकाङ्क पूर्व निर्धारित गरी कार्यक्रम प्रगति र खर्च परस्पर एक समान हुने गरी कार्यक्रम तयार गर्नुपर्दछ । | |
| ९.४ | | | आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ बमोजिम विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक बर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले विनियोजित रकममध्ये खर्च हुन नसक्ने रकम चैत्र १५ भित्र समर्पण गर्नुपर्नेमा गरेको देखिएन । | |
| १० | | | **बजेट तथा कार्यक्रम** | |
| १०.१ | | | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध | |

| | | | | |
|---|---|---|---|---|
| | | | गराउनुपर्नेमा समितिले ऐनको व्यवस्थाअनुसार बजेट सीमा उपलव्ध गराएको छैन । समितिले ऐनको व्यवस्थाअनुसार कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| १०.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट ४ क्रियाकलापमा रु. ४५ लाख रकमान्तर गरेको छ । उक्त रकम वजेटको तुलनामा ०.६७ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन । | |
| १०.३ | | | योजना तथा वजेट कार्यान्वयन - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:<br><br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।<br><br>• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१२ करोड ६८ लाख ३१ हजार भएकोमा प्रथम चौमासिकमा रु.३० लाख ५१ हजार, दोश्रो चौमासिकमा रु.४ करोड २१ लाख ४० हजार, तेस्रो चौमासिकमा रु.७ करोड ९२ लाख ०७ हजार र असार महिनामा मात्रै रु.७ करोड ७६ लाख भएको देखिन्छ । वर्षान्तको खर्च उच्च रहेको छ ।<br><br>• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१२ करोड ६८ लाअ ३१ हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।<br><br>उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ । | |
| १०.४ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । | |
| १०. | | | बजेट पेश, पारित र अख्तियारी - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र | |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७८।............ मा रु.६७ करोड २५ लाख ३४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।...... पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७८।..... मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान गर्नुपर्दछ । | |
| ११ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ११.१ | | | तलवी प्रतिवेदन- निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीको रु. ३ करोड १८ लाख २९ हजार, शिक्षातर्फ २८ विद्यालयका शिक्षकहरुको रु.७ करोड ५९ लाख ६५ हजार र पालिकाका चालुतर्फका कर्मचारीको रु.९७ लाख ६५ हजार गरी रु.११ करोड ७५ लाख ६० हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| ११.२ | | | दरवन्दी र पदपूर्ति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेको छ । जसमध्ये लेखा अधिकृतसहित ३ अधिकृत स्तरका सहित १० पद रिक्त रहेको छ भने रिक्त पदमध्ये १३ पदमा करारबाट पदपूर्ति गरेको छ । करारका कर्मचारीलाई यो वर्ष रु.५१ लाख ४ हजार पारिश्रमिकमा खर्च गरेको छ । कामको विश्लेषण तथा कार्यबोझको आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कानूनबमोजिम मात्र कर्मचारी भर्ने गर्ने व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| ११.३ | | | कर्मचारी कल्याण कोष- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कल्याण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त कोष खडा गरेको छैन । कोषको संचालन सम्बन्धमा पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था गरेको देखिएन। कल्याण कोष संचालन सम्बन्धमा कार्यविधिको व्यवस्था गरी | |

| | | | | |
|---|---|---|---|---|
| | | | ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरुबाट पनि रकम कट्टा गरी सो बराबरको रकम नगरपालिकाले जम्मा गरी कोष खडा गर्नुपर्दछ । | |
| १२ | | | **खरिद तथा ठेक्का व्यवस्थापन** | |
| १२.१ | | | ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । पालिकाले सञ्चालन गरेका योजनाहरुको ठेक्काको अभिलेख राखेको पाईएन । यसले गर्दा कुन ठेक्का के अवस्था रहेको छ सो बारे यकिन हुन सकेन । | |
| १२.२ | | | **खरिद इकाईको गठन -** सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ बमोजिम खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा आवश्यकता अनुसार छुट्टै खरिद महाशाखा, शाखा वा इकाईको स्थापना गर्नु पर्ने व्यबस्था गरेको छ ।यस पालिकाले खरिद इकाई गठन गरेको नपाइएकोले खरिद इकाईको गठन गर्नु पर्दछ ।<br><br>**मुल्यांङ्कन समिति गठन -** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ७१मा पूर्व योग्यताको प्रस्ताब, बोलपत्र, परामर्श सेवाको आशय पत्र वा प्रस्ताब वा सिलबन्दी दरभाउपत्र परिक्षण र मुल्याङ्कन गर्ने सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ बमोजिम मुल्याँङ्कन समिति गठन गर्नु पर्ने व्यबस्था छ । यस पालिकाले मुल्याँङ्कन समिति गठन गरेको नपाइएकोले उक्त समितिको गठन गर्नु पर्दछ ।<br><br>**समयावधि र कार्यतालिका -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन ।त्यस्तै ठेक्का सम्झौता सम्पन्न भए पछि अधिकाँश ठेक्कामा कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गरेको पाइएन । पेश गरेकोमा पनि म्याद थप गर्दा, थप भएको समय अनुसार कार्य तालिका अद्याबधिक गरेको पाइएन । जसले गर्दा तोकिएको समयमा कार्य तालिका अनुसार निरन्तररुपमा काम भएको छ भन्ने अबस्था छैन । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्याबधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गर्दै तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | **वीमा तथा कार्य सम्पादन जमानत -** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ ।यस पालिकाले सिलबन्दी दरभाउपत्रबाट काम गराएको निर्माण कार्य सबैमा बिमा गरेको प्रमाण लिने गरेको पाइएन । सिलबन्दी बोलपत्रको माध्यमबाट काम गराएका कामको पनि कतिपय व्यबसायीले बीमा नगरेको र बिमा गरेका पनि नियमावलीको दफा १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्दा म्याद थपको अबधि अनुसार कार्यसम्पादन जमानत र वीमाको अबधि थप भएको देखिएन । जसबाट निर्माण कार्यको जोखिम न्यूनीकरण गर्न कार्यालयले दिएको बिमा वापतको रकम तोकिएको उदेश्य अनुसार नभएको र कार्य सम्पादन जमानतले त्रुटी सुधार गर्ने अबधिसम्म बहाल रहने गरी कार्य भएको पाईएन । दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्दा त्रुटी सुधार गर्ने अबधिसम्मका लागि बीमा गर्ने गराउने तथा कार्य सम्पादन जमानतको अबधि बढाएको प्रमाण लिने व्यबस्था हुनुपर्दछ ।<br><br>**गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ को उपनियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्ने व्यवस्था अनुसार आवश्यक कार्यको परीक्षणका लागि छुट्टै आइटम बनाई भुक्तानी समेत गर्ने गरेको छ । भुक्तानी प्रयोजनका लागि केही ठेक्कामा गुणस्तर परीक्षणका प्रमाण लिएपनि अधिकाँश ठेक्कामा नलिएको अबस्था छ । गुणस्तर परीक्षण परीक्षण गराएकोमा पनि के कति संख्या र समयमा गुणस्तर परीक्षण गरिनु पर्ने हो, सो अनुसार गरे नगरेको अनुगमन मुल्यांकन गरेको देखिएन । तसर्थ गुणस्तर परीक्षणको व्यवस्था गर्दा आवश्यक ठानिएका कार्यको अनिवार्य रुपमा गुणस्तर परीक्षण प्रमाण लिने र परीक्षण गर्दा गराउँदा सकेसम्म कार्यालयबाटै नमुना लिई परीक्षण गर्दा गराउदा भरपर्दो र बिश्वसनीय हुने तर्फ ध्यान जान आबश्यक देखिन्छ ।<br><br>**कन्टिन्जेन्सी -** सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १०(७) संग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी जम्मा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न पाइने व्यवस्था छ तर वर्कचार्ज स्टाफ खर्च र अन्य खर्च अन्तर्गत कस्ता खर्च समावेश हुने नियममा स्पष्ट उल्लेख छैन । पालिकाले कन्टिन्जेन्सी कार्यकालागि खर्च गरेको जनाए पनि योजनागतसहित कुल खर्च देखिने गरी अभिलेख राखेको छैन ।कन्टिन्जेन्सी खर्चको अभिलेख तथा खर्च गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ । | |
| १३ | | | **शिक्षा तर्फ** | |
| १३. | | | विद्यालय अनुदानः कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ अनुसार विद्यालयलाई दिने अनुदान एकीन विद्यार्थी संख्याका आधारमा | |

| | | | | |
|---|---|---|---|---|
| १ | | | अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका विद्यालयहरुको अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सबै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन । नियममा भएको व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ । | |
| १३.२ | | | निजी विद्यालय व्यवस्थापनः पालिकाले आफ्नो क्षेत्र भित्र रहेका निजी विद्यालयहरुको व्यवस्थापन,शुल्क निर्धारण जस्ता विषयहरुको मापदण्ड निर्धारण गरी नियमित अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्र रहेका निजि विद्यालयहरुको कुनै पनि मापदण्ड तयार गरेको तथा अनुगमन गरेको देखिएन । मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । | |
| १३.३ | | | समानिकरणबाट विद्यालयलाई अनुदान - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले शिक्षण सिकाई अनुदानमा विद्यालयलाई बार्षिक प्रति विद्यार्थि लागत अनुदान र शिक्षण सिकाई अनुदान शीर्षकमा रु. । खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सम्बन्धमा स्थानीय अनुदान नीति तथा कार्यविधि तयार नगरी संघबाट वितरण हुने सोही शीर्षकमा दोहोरोपना हुने गरी खर्च लेखेको देखियो ।पालिकाले विगत बर्ष देखि अनुदान दिदै आएको भनि कार्यविधि वेगर पालिकाबाट दोहोरोपना हुने गरी खर्च लेखेको मनासिव देखिएन । यस्तो खर्च गर्दा कार्यविधि तयार गरेर मात्र खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १३.४ | | | शैक्षिक गुणस्तर- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **आर्थिक सहायता र विविध खर्च** | |
| १४.१ | | | **आर्थिक सहायता र अनुदान -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता र अनुदान वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी सास्कृतिक एवं धार्मीक कार्यक्रम शिर्षकबाट दुर्गा पुजा समितिलाई दशै पुजाका लागि पालिका अध्यक्षको तोकादेशको आधारमा रु ३००००० ।००आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । दुर्गा पुजा समितिको माईन्यूट, कार्यक्रम खर्चको अनुमोदन नगरि निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गरेको देखियो । | |
| १४.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.१६ लाख ८८ हजार र सभा सञ्चालनमा रु.७ लाख ७ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| १५ | | | **पेश्की व्यवस्थापन**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु... बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ..... फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु. | १,४६०,५००.०१ |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| १५.१ | अजय कुमार यादब कार्यक्रम खर्च | ३०,००० |
| १५.२ | बिमा तथा नवीकरण खर्च धरमेन्द्र दास | ३,००,००० |
| १५.३ | रमन कुमार राम गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | ८,८०,५००.०१ |
| १५.४ | विविध कार्यक्रम खर्च पुनम यादव | २,५०,००० |

| | | | | |
|---|---|---|---|---|
| १६ | | | **कानुनी सल्लाहकार-** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।पालिकाले यस वर्ष अधिवक्ता विजय कुमार ठाकुरलाई कानूनी सल्लाहकार नियुक्त गरी वार्षिक रु४५५८८०।००पारिश्रमिक भुक्तानी दिएको छ । सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने देखिन्छ। कानूनी सल्लाहकारले कार्य विवरण तयार नगरेको तथा निजको कार्य सम्पादनको अभिलेख समेत नरहेकोले निजलाई भुक्तानी दिने आधार नदेखिको रु ४५५८८०।०० | ४५५,८८० |
| १७ | | | **सम्झौता तथा कार्यादेश वेगरका कर्मचारी** पालिकाले कार्यबोझको विश्लेषण तथा संगठन,व्यवस्थापन सर्वेक्षणको आधारमा मात्र आवश्यक पर्ने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने साथै नगर प्रहरी कार्यालय सहयोगी सवारी चालक आदी पदहरुमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट लिनुपर्ने व्यवस्था स्थानीय सरकार संचालन एन २०७४ को दफा ८३ मा रहेको छ ।पालिकाले ज्यालादारी सम्झौता, नियुक्ति, कार्यादेश वेगर पालीका अध्यक्षको तोकादेशको आधारमा ज्यालादारी कर्मचारी भनी पटके रुपमा अन्य सेवाशुल्क बाट निम्नानुसारको भुक्तानी दिएको अनियमीत रकम रु | ८३४,९५५ |

| गो भौ नं मिति | विवरण | रकम |
|---|---|---|
| १७।२०७८।७।१० | ३ जना पद नखुल्ने ज्यालादारी कर्मचारीलाई २ महिनाको पारीश्रमीक | १४२२१०।०० |
| २१।२०७८।७।१४ | २ जना ज्यालादारी कार्यालय सहयोगीको पारीश्रमीक | ८८६००।०० |
| ३३।२०७८।७।२९ | प्राथमीक स्वास्थ्य केन्द्रका ४ जना ज्यालादारी कर्मचारीको पारीश्रमीक | १९९३५० |
| ४४।२०७८।८।२२ | पद नखुल्ने१ज्यालादारी कर्मचारीको २०७८।५।१देखी २०७८।७।४ सम्म ६५ दिनको पारीश्रमीक | ४६४७५।०० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४७।२०७८।८।२५</td><td>१ जना ज्यालादारी का स को कार्तिक महिनाको पारीश्रमीक</td><td>५४१७०।००</td></tr>
<tr><td>५४।२०७८।८।२५</td><td>पद नखुल्ने १ जना ज्यालादारी कर्मचारीको साउन देखी कार्तीक सम्मको पारीश्रमीक</td><td>७८६५०।००</td></tr>
<tr><td>६१।२०७८।९।४</td><td>स्वंयसेवक कर्मचारीको मंशीर महिनाको पारीश्रमीक</td><td>२०५००।००</td></tr>
<tr><td>७०।२०७८।९।५</td><td>१ जना ज्यालादारी ह स चा को कार्तीक र मंशीरको पारीश्रमीक</td><td>५१९२०।००</td></tr>
<tr><td>१०६।२०७८।१०।१</td><td>१ जना ज्यालादारी सुरक्षा गार्डको साउन देखी मंशीर सम्मको पारीश्रमीक</td><td>१०७२५०।००</td></tr>
<tr><td>६८।२०७८।९।५</td><td>१ जना कास लाई सरसफाई तथा कल मर्मतवापत रु ४५८३०।००भुक्तानी भएकोमा कार्यादेश,कार्यसम्पन्न भएको प्रमाण तथा भुक्तानी दिने आदेश वेगर भुक्तानी भएको</td><td>४५८३०।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८३४९५५।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>कार्यसम्पादनमा आधारित प्रोत्साहन शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं मा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ ।कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई ICT ल्याव व्यवस्थापनका लागी रु.६५००००।-का दरले रु १९५००००। निकासा भएको छ।विद्यालय र पालिकाबीच भएको सम्झौता पत्र अनुसार विद्यालयले २०७९ असार मसान्तसम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ।विद्यालयले कार्यसम्पन्न प्रतिवेदन पेश गरेका छैन।कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>१,९५०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **स्यानिटरी प्याड**<br><br>स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्राहरुलाई नेपाल जनरल अर्डर एण्ड सप्लायर्सबाट २५८८० थान स्यानिटरी प्याड प्रतिथान रु.७४.५८ ले रु.१९३०१३०।४० (मु अ कर समेत) मा खरिद गरेकोमा गुणस्तरयुक्त भनि प्रमाणित गरी राखेको प्रमाण नभएको, प्रदेश सामाजिक मन्त्रालयमा प्रगति प्रतिबेदन पठाएनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनु पर्दछ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि ६६८० प्याकेट मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी जरुरी परिमाण खरिद गर्नुपर्दछ । | |
| २० | | | **शिक्षकको तलब भत्ता निकासा** शिक्षकको तलब भत्ता निकासा - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा विद्यालयमा दरबन्दी भन्दा बढी रकम निकासा गर्न नहुने उल्लेख छ । पालिकाको रा आवि अलिपट्टि विद्यालयहरुलाई रु.९८२१६२। तलव तथा ग्रेड निकासा गर्नुपर्नेमा रु.१०५०१६२। निकासा भएकोले बढी निकासा रु.६८०००। विद्यालयबाट असुल गर्नुपर्ने रु. | ६८,००० |
| २१ | | | **सोधभर्ना दाखिला** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकममध्ये खर्च नभएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा बाल विकास शिक्षक तथा विद्यालय कर्मचारी अनुदान व्यवस्थापन सम्बन्धी व्यवस्था छ।जसअनुसार विद्यालय कर्मचारीको तलव स्थानीय तहले सबैको हकमा ७००० थप दिनुपर्नेमा माध्यामिक विद्यालय खैरवालाई रु.१४००१। सङ्घीय सशर्तबाट भुक्तानी गरेको देखिन्छ। पालिकाले दिनुपर्ने तलव भत्ता वापतको रकम सङ्घीय सर्शतबाट वितरण गरेको हुँदा सङ्घीय सञ्चित कोषमा सोधभर्ना दाखिला हुनुपर्ने रु. | १४,००१ |
| २२ | | | **विद्यालय भौतिक पूर्वाधार निर्माण** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार | ९,०००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २,४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु.९००००००। निकासा भएको छ ।तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् ।तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु | |
| २३ | | | **समायोजन ग्रेड-** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०५ मिति २०७९।२।५ को समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समयोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भइ गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरु तलब स्केल मात्र पाउने तर त्यस्तो सुरु स्केल खाईपाई आएको रकम भन्दा कम भएमा प्रचलित कानूनबमोजिम उपलब्ध गराउने उल्लेख छ । यस पालिकाका निम्नानुसार स्वास्थ्य तर्फका ९ कर्मचारीलाई समायोजन ग्रेड भुक्तानी गर्दै आएकोमा स्तरवृद्धि भए पश्चात पनि समायोजन ग्रेड (संचयकोष थप समेत) भुक्तानी भएको छ । स्तरवृद्धि पश्चात भुक्तानी भएको समायोजन ग्रेड असुल हुनुपर्ने रु. | ११६,७०५ |
| २४ | | | **सञ्चयकोष थप** कर्मचारी सञ्चय कोष ऐन,२०१९ को दफा १२ (१) प्रत्येक कार्यालयले कर्मचारीको मासिक तलबबाट दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिमका दरले कोष रकम कट्टी गरी सो रकमको तोकिए बमोजिमको प्रतिशतले हुने रकम समेत थप गरी कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । यस पालिकामा कार्यरत देहायका कर्मचारीहरुको तलव भुक्तानि गर्दा दोहोरो सञ्चयकोष तथा विमा कट्टी भएकोले उक्त दोहोरो भुक्तानी निजहरुबाट असुल गरी दाखिला गर्नुपर्ने रु | ४७,६८६ |
| २५ | | | **औषधि खरिद** पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी सुमिता मेडिसिन डिष्ट्रिब्यूटर्स फर्मलाई रु.४३९२०२५। भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । पालिकाले आयात गरेको औषधिको स्पेसिफिकेसन अनुसार दाखिला गरेको तथा ईन्सफेक्सन समेत नगरी बुझेकोले तोकेको गुणस्तरका औषधि आए नआएको यकिन गर्न सकिएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ । | |

<table>
<tr><td>२६</td><td></td><td></td><td>जि आई पोलको उपयोगको अवस्था स्काई रेन्वोबाट भएको काममा देहायको प्रतिपोल सामान खरिद भएकोमा सवै सोही स्थानमा उपयोग भएको अवस्था देखिने प्रमाण नभएको रु.
<table>
<tr><td>क्र स</td><td>सामानको विवरण</td><td>थान</td><td>ईकाइ</td><td>दर</td><td>मूल्य</td></tr>
<tr><td>१</td><td>९ मिटर जि आई पोल</td><td>१</td><td>गोटा</td><td>२६५००</td><td>२६५००</td></tr>
<tr><td>२</td><td>४०० डव्लु पि सोलार</td><td>४००</td><td>वाट</td><td>९३.६०</td><td>३७४४०</td></tr>
<tr><td>३</td><td>१०० एच जेल व्याट्रि</td><td>२</td><td>गोटा</td><td>३६५४४</td><td>७३०८८</td></tr>
<tr><td>४</td><td>४० वाटको लिड लाईट</td><td>२</td><td>गोटा</td><td>१३०००</td><td>२६०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१६३०२८</td></tr>
</table>
जेल व्याट्रि र सोलार मोड्युल समेत बढी खरिद गरेको देखिन्छ । सो सामान प्रयोग भएको अनुगमन गरी सेवाग्राही प्रभावित गर्नुपर्छ ।</td><td>१६३,०२८</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>विद्युत प्राधिकरणको अनुमति विना सडक बत्ति १५५।०७९।३।२५ वडा नं.५ मा सडकबत्ति लगाउन व्रिसा जनरल स्टोर्सलाई ४० वाटको एसी लिड लाईट सेन्सर सहितको प्रतिवल्व रु.९१९८। दरले भ्याटसहित ८३ सेटको रु.१००९८।२० को हुने रु.८३८१५०।६० विद्युत प्राधिकरणको अनुमति विना सडक बत्ति महङ्गो पर्ने गरी खरिद गरेको स्पेसिफिकेसन र मूल्य यकिन गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>८३८,१५०</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>बढी दरमा खर्च ८२।०७९।३।२४ केएम सप्लायर्सबाट वडा नं.५ को लागि सोलार लाईट खरिद र जडानमा रु.७२३६२३। भुक्तानी गर्दा स्काई रेन्बो कम्पनीबाट भएको सोलारलाईट खर्च बढी दरमा लेखेको यकिन हुने प्रमाण पेश गर्नुपर्ने रु</td><td>४९३,०००</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>स्वच्छ खानेपानी<br>1. ३।०७८।७।३० स्थानीयबासीलाई स्वच्छ खानेपानी उपलव्ध गराउन पिउस प्लाष्टिक उद्योगबाट देहायको सामान खरिद गरी रु.१४५४६६६। भुक्तानी दिएको पाईयो । सोको परीक्षण गर्दा</td><td>४७५,८०३</td></tr>
</table>

देखिएको व्यहोरा देहाय बमोजिम छ ।

| क्र स | सामानको विवरण | थान | दर | मूल्य |
|---|---|---|---|---|
| १ | हातेकल हेड | ११५ | ३६३५ | ४१८०२५ |
| २ | ४० एमएम ७ केजि/एमएम(११५ᑕ२१ मिटर) | २४१५ | २६९ | ६४९६३५ |
| ३ | १.५ मिटर जिआई पाईप | १७२.५ | ६३० | १०८६७५ |
| ४ | फिल्टर | ११५ | ६२० | ७१३०० |
| जम्मा | | | | १२८७३१० |

: ११५ हातेकलको लागि प्रतिकल २१ मिटर पाईपको दरले २४१५ मिटर एचडिपिई ४० एमएम ६ केजि एमएम२ स्क्वायर मापदण्डको एचडिपिई पाईपको मूल्यसूचि तालिका नं.५ को ७ केजी स्क्वायर सिएम प्रतिमिटर ९४।६४ र सोको मूअकर समेत हुने रु.१०६.९५ दरले खर्च लख्नुपर्नेमा मूअकर समेत ३०३।९७ प्रतिमिटरमा खरिद गरेकोले प्रतिमटिर रु.१९७.०२ दरले हुने बढी असुल गर्नुपर्ने रु.

---

३० **कम्पनी दर भन्दा बढी भुक्तानी** २,८५५,४५१

1. झ्यापरलाईटको जिल्ला दररेट र प्राप्त देहायको सामानको कम्पनी मूल्य फरक देखिदा उपयोग भएको लाईट र पोलको मूल्य वीड मिटिङ अघि नै अनलाईन स्पष्ट गरी सम्झौता गर्नुपर्ने देखिन्छ ।

| क्र स | सामानको विवरण | जिल्ला दर | कम्पनी दर | फरक |
|---|---|---|---|---|
| १ | १३ मिटर पोल ३४ थान | ४६००० | . | . |
| २ | २०४ वटा १५० वाटको लिड | २५००० | १२६१३ | १२३८७ |
| | जम्मा | | | |

बोलपत्र प्रतिष्पर्धा गराउदा सामानको स्पष्ट्र स्पेसिफिकेसन खोलि पेश गर्ने र प्रेशित स्पेसिफिकेसन सहितको कम्पनीको उत्पादन अनलाईन मूल्य यकिन नहुदाँ बढी भुक्तानी हुने गरेको सम्भावना छ ।

: १५० वाट आउटडोर फ्लड लाईट ५ बर्ष वारेन्टी ५०००० घण्टा लाईफसाईकल Havel’s or equivalent ISO certified company मूल्य १२६१३ देखिदा २०४ बल्भको रु.१२३८७। को दरले कम्पनी दरभन्दा बढी भुक्तानी मूअकर समेत असुल गर्नुपर्ने रु.

३१ **लाभग्राही समुदायबाट जानकारी**

लेखापरीक्षणको समयमा पालिकाबाट संचालित विकास निर्माण र सेवाको अवस्था बारेमा लेखापरीक्षण टोलीलाइ देहायको जानकारी प्राप्त भएकोले पालिकाले समिति बनाई थप अध्ययन गरी यकिन गर्नुपर्ने ।

| क्र स | विषय | जानकारी गरायको विषयहरु |
|---|---|---|
| १ | हजारीको घर देखि कोशी नदीको पुल सम्म ग्राभेल वडा लागत अनुमान ५० लाख | · नीतिगत कार्यगत आर्थिक अनियमितता<br>· असारमा सम्झौता गरि कार्य गरेको<br>· सम्झौता मिति ०७९।३।२० पछी पनि निर्माण कार्य जारी<br>· तटवन्धमा ०।२० सेमी माटो नराखेको<br>· योजनाको ५०० मीटर देखि १ कीलो मिटर सम्म पर्याप्त माटो हुदाहुदै ५ किलो मिटर दुरिबाट माटो ल्याइ दायित्व पारेको |

| | | |
|---|---|---|
| २ | उपभोक्ता समितिबाट सम्पादन कार्य : | गाउँबासीबाट योजना छनोट / योजना बैकको अभाव, उपभोक्ता समिति दर्ता, नविकरण, विधान, कार्यविधि नभएको,नक्ली सहिछाप सहितको बिल भरपाइ हुने भएकोले पालिकाले समिति बनाई यकिन गर्नुपर्ने |
| ३ | पिपरा बजार सटर निर्माणमा रु १४ लाख ४२ हजार | अदालतको निर्देशन पालना गर्दा १४ लाख ४२ हजार उपलब्ध हिन भएको । |
| ४ | कारार ज्यालादारीको म्याद थप र पारीश्रमीक [विद्यालय, नगरसभा समेत] कानुन विपरीतका कर्मचारी नहटाएको | नियन्त्रण गर्नुपर्ने । |
| ५ | अथिति चियापानमा धैरै खर्च चापकल वितरण पाइप जडान १९३१०००।चापा कटर खरिद १४९४०००। अषाढ महिना सम्पन्न गर्नुपर्नेमा सो पछि पनि निरन्तरता दिने गरेको । | कार्यविधि बनायर वितरण गर्नुपर्ने । |

३२

**रात्रिकालिन उज्यालो/सडक बत्ति**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा नर्म्स बमोजिम वास्तविक लागत नजिक हुनेगरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । रात्रिकालिन प्रकाशको लागि पालिकाले गरेको लगानी (खर्च) परीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ ।

| क्रस | भौ नं/मिति | काम | स्थान | परिमाण | मूअकर समेत रकम | आपूर्तक |
|---|---|---|---|---|---|---|
| १ | ४३।०७८।९।२२ | टावरलाईट | वडा नं ६ | १२/७२ | २९९५७७० | दिव्यान्सु विल्डर्स |
| २ | ४४।०७८।९।२२ | टावरलाईट | वडा नं ५ | १०/६० | २४९६४७५ | दिव्यान्सु विल्डर्स |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ४५।०७८।९।२२ | टावरलाईट | वडा नं २ | १२/७२ | २९९५७७० | दिव्यान्सु विल्डर्स |
| ४ | ५३।०७८।९।२९ | टावरलाईट | वडा नं ७ | १०/६० | २४९६४७५ | दिव्यान्सु विल्डर्स |
| ५ | ५६।०७८।९।२२ | सोलार साईट | वडा नं ३ | २१/४२ | ४८१८६२० | स्काई रेन्वो ट्रेडर्स |
| ५ | ८२।०७९।३।२४ | सोलार साईट | वडा नं ५ | ४/४ | ७२३६२३ | के एम सप्लायर्स |
| ६ | १५५।०७९।३।२५ | सडक बत्ति | | ०/२३ | ९६०४४० | कृषा जनरल |
| | जम्मा | | | ४७/२७३ | १४९९०६९८ | |

| | | | | |
|---|---|---|---|---|
| ३२.१ | | | सेवा पछि सेवाः सडक बत्ति जडान पछि दिने सेवा ३२ पोलको ५००० दरले र २१ पोलको २००० दरले ५ बर्ष सम्मको जडानपछिको सेवा काम नै नगरी स्काई सेवा र दिव्याम्सु विल्डर्सलाई भुक्तानी गरेकोले सेवा र बैंक जमानत नलिई रु.२०२०००। खर्च भुक्तानी गरेकोले सो वेगर भुक्तानी भएको मूअकर समेत असुल गर्नुपर्ने रु. | २२८,२८० |
| ३२.२ | | | बढी भुक्तानीः ५६ ०७८।९।२२ सोलार लाईट वापत स्काई रेन्वो ट्रेडिङलाई रु.४७९६२८५। बिल बमोजिमको भुक्तानी दिनुपर्नेमा रु.४८१८६२० भुक्तानी दिएकोले बढी भुक्तानी असुल गर्नुपर्ने रु. | २२,३३५ |
| ३२.३ | | | माथिको तालिका अनुसार सि.नं.२ र ४ मा वडा नं.७ को १० टावर लाईटको रु.२४९६४७५। तोकिएको स्थानमा भ्यापरलाईट नराखेको खर्च जनाएतापनि चेक लेखापरीक्षण अवधिसम्म पनि भुक्तानी भएको पाईएन । पटक पटक फिर्ता गर्दै यो बर्ष ३ पटक फिर्ता गरी चेक नसाटीएकाले फिर्ता आम्दानी गरी तोकिएको स्थानमा राखेको प्राविधिक प्रतिवेदन पश्चात रु २४९६४७५। खर्च लेखेको देखिएन । | |
| ३३ | | | **जगमा १६ एमएमको स्टिल**<br><br>जगमा १६ एमएमको स्टिलः १३८।०७९।३।२५ वडा नं.२ को ईदगाहा पर्खाल निर्माण काममा रु.१९३९२४०। खर्च लेखेको छ । पर्खालको जग(म्याटमा) ५२८ वटा १६ एमएमको रड १.६५ मिटरको दरले हुने १३७६.५ केजि प्रयोग गरेको छ । पिलरमा १२ एमएम भएकाले म्याटमा १६ एमएम राखेको यकिन हुन सकिएन,१६ एमएमकोले हुने १३७६.५ केजिमा १ एमएमले हुने ७७५.४ केजि कट्टा गरी बाँकी ७१८.६१ केजि प्रतिकेजि १२१.२८ का दरले मूअकर समेत बढी खर्च गरेको रु. | ९८,४८३ |
| ३४ | | | **उपभोक्ता समितिबाट कार्य**<br><br>प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, | |

| | | | | |
|---|---|---|---|---|
| | | | गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । पालिकालाइ प्रदेश सरकारबाट प्राप्त भएको रकमबाट वाटो ग्राभेल, बाटो पिसिस ढलान, विद्यालयको वाल निर्माण लागयत छुट्टाछुट्टै ४ स्थानमा निर्माण कार्य उपभोक्ता समिति मार्फत निर्माण गराई रु २५१३९२०६। खर्च लेखेको छ ।पालिकाले उपभोक्ता समितिबाट काम गराउन सार्वजनिक सुचना र प्रस्ताव पनि आह्वान नगरी बोलपत्रको माध्यमबाट प्रतिस्पर्धी रुपमा कार्य नगराई उपभोक्ता समितिबाट कार्य गराइ खर्च लेखेको छ ।प्रदेश सरकारबाट प्राप्त रकमबाट कुनै पनि योजना बोलपत्रको माध्यमबाट निर्माण नगरी उपभोक्ता समिति मार्फत गरेकोमा ३ प्रतिशत जनसहभागीता देखायतापनि लागत अनुमानकै दररेटमा भुक्तानी भएकोमा उपभोक्ता समितिबाट निर्माण गरेको उक्त कार्य मितव्ययी तथा गुणस्तरीय समेत नदेखियको निर्माण गरेको पिसीसि ढलानको लेभल तथा फिनिसिङ नमिलेकोले, बाटो ग्राभेल गर्ने काम असार महिना सम्झौता गरी सम्पन्न गरेको, गुणस्तर परीक्षण नगरेकोले उक्त निर्माण कार्यको सम्झौता अनुसारको स्पेशिफिकेसन अनुसार निर्माण गरेको छ छैन भनी पालिकाबाट समिति बनाइ यकिन गर्नुपर्दछ । बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गरायर निर्माण कार्य गर्नुपर्नेमा उपभोकक्ता समितिबाट मार्फत गराइ खर्च लेखेको रु १८६९५०८५।को निर्माण कार्य मितव्ययी तथा गुणस्तरीय भयो भनि यकिन गर्न सकियन । प्रदेश सरकारबाट २०७९ साल जेठ मसान्तमा बजेट प्राप्त भएकोले समयको अभावले बोलपत्रको माध्यमबाट गर्न नसकि उपभोक्ता मार्फत कार्य गरेको पालिकाको भनाइ रहेको छ । | |
| ३५ | | | **सुरक्षित नागरीक आवास कार्यक्रम**<br><br>सुरक्षित नागरीक आवास कार्यन्वयन कार्यविधि २०७५ को प्रकरण ५ मा अनुदान सम्झौता भएका र वित्तीय प्रवन्ध भएका लाभग्राहीहरुलाइ जस्ता पाता काठ लगायतका सामाग्री खरिद अनुदान रु ५००००। दुइ किस्तामा दिन उपलव्ध गराउने व्यवस्था छ ।पालिकाले छनोट भई सम्झौता भएका १८० जनालाई सम्झौताको ६० प्रतिशतले हुने रु ३००००। का दरले अनुदान दिएको छ । पालिकाबाट अनुदान दिएको पहिलो किस्ता रु ५४०००००।अनुसुची ३ बमोजिम लाभग्राहीले सम्झौता बमोजिम निर्माण सम्पन्न गरेको प्राविधिक प्रतिवेदन पेश नगरेकोले प्राविधिक प्रतिवेदन हुनुपर्ने रु | ५,४००,००० |
| ३६ | | | **बढी भुक्तानी**<br><br>सडक बोर्ड :<br><br>गंगा झाको कल देखि छडक सम्म माटो ग्राभेल गर्ने कामको लागत अनुमान रु १७४३९७०। तयार गरी उपभोक्ता समितिले जनश्रमदान रु १७४५९२।र पालिकाबाट रु १६८००००।व्यहोर्ने गरी उपभोक्ता समितिबाट सम्झौता गरी निर्माण कार्य सम्पन्न गरी रु | ४७,१९३ |

| | | | | |
|---|---|---|---|---|
| | | | १६२३७०१।भुक्तानी दिएकोमा सम्झौता अनुसार Supplying Laying and campaction of transporation soil Lead up 3 km को कार्य प्रति घनमिटर रु ५१८।को दरले १२४१.९० घनमिटरको दरले भुक्तानी दिनुपर्नेमा प्रति घनमिटर रु ५५६.११ दरले भुक्तानी रु ४७१९२।बढी असुल गर्नुपर्ने रु | |
| ३७ | | | **बढी भुक्तानी**<br><br>गाउँपालिका पूँजीगत: सार्वजनिक खरिद नियावली २०६४ नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकाले कोटेसन लिएर निर्माण कार्य गरायको निम्न निर्माण व्यवसायीलाई वास्तविक भन्दा रु ५१३४०। बढी भुक्तनी दिएको रकम असुल गर्नुपर्ने रु | ५१,३४० |

| गो भौ न | योजनाको नाम | निर्माण व्यवसायीको नाम | विल रकम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १५७।३।२५ | मेनरोड उपेन्द्र साहको घर देखी पिसीसी ढलान | आलोक इन्जिनियरीङ्ग कन्सलटेन्सी | ६७८६६० | ७००००० | २१३४० |
| १६१।३।२५ | पिसीसि ढलान | हनुमाण निर्माण सेवा | ८३८७१६ | ८६८७१६ | ३०००० |
| | जम्मा | | | | ५१३४०। |

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **नहर स्तरोन्नती** कुनै पनि निर्माण कार्यको लागत अनुमान तयार गर्दा मेशिनबाट गर्ने काम र मानिसद्धारा गर्ने कामको नाप जाँच गरी जिल्ला दररेट लिइ लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले वडा न १ रामचन्द्रको गाछी देखि बलो महतोको खेत सम्म नहर स्तरोन्ती लागि Excavation in Roadway and drain as per instruction of site कार्यको लागि मानिसद्धारा प्रति घनमिटर ४२३।४६ दर रेट कायम गरी लागत अनुमान तयार गरी कोटेसनबाट दरभाउपत्र लिइ जय कन्स्ट्रक्सन एण्ड कन्सलटेन्सी सर्भिस संग प्रति घनमिटर रु ४१५ मा सम्झौता गरी रु ४७१९८९।खर्च लेखेको छ । नहरको सफाइ गर्नेकाममा मेशिन प्रयोग हुने थोरै काम म्यानुअली गर्न सकिने भएकोले मेशिनको दर रेट नराखी मानिसको दर उल्लेख गरी लागत अनुमान तयार गरी खर्च लेखेको नियम सम्मत नदेखिएको रु | ४७१,९८९ |
| ३९ | | | **नन फाईलर** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को | ११९,३९१ |

महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले कोटेशनबाट निर्माण कार्य गराई भुक्तानी दिएकोमा देहायका देहायका निर्माण व्यवसायीलाई मू.अ.कर सहित रु.११९३९१।भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु नन् फाईलर रहेकोले मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु

| गो भौ न | कामको विवरण | निर्माण व्यवसायी | मु अ कर |
|---|---|---|---|
| १५३।०७९।३।२५ | सडक स्तरोन्नती | आलिसा कन्सट्रकसन | १८३७७। |
| १६५।०७९।३।२५ | वडा १ दलित ढलान निर्माण | निकी निर्माण सेवा | ३८८३४। |
| १६९।०७९।३।२५ | अधुरो भवनको स्तरोन्नती | रोशनी विल्डर्स | ३८८१० |
| १७६।०७९।३।२५ | पिसिसि ढलान | खुशी निर्माण | २३३७०। |
| जम्मा | | | ११९३९१ |

४० **कम्पाउण्डवाल निर्माण :**

कम्पाउण्डवाल तथा शौचालय निर्माण : प्रदेश सरकारबाट प्राप्त रकमबाट रामनारायण अयोध्य माध्यमिक विद्यालयको कम्पाउण्ड वाल तथा शौचालय निर्माणको लागि पालिका र रामनारायण अयोध्या मा वी शौचालय र कम्पाउण्ड वाल निर्माण उपभोक्ता समिति विच पालिकाबाट रु ३००००००।र जनश्रमदान रु ३५०२५४।समेत रु ३२६०२५४।मा मिति २०७९।३।२१ मा सम्पन्न गर्ने गरी मिति २०७९।३।१ मा सम्झौता भएको छ । विद्यालयको पुरै जमिन समेटने गरी निर्माण भएको साविक वाललाइ नै आधार लिइ विद्यालयको जमिन तथा भवनको सुरक्षा हुनेगरी कम्पाउण्ड वाल निर्माण गर्ने गरी कार्यक्रम बनाइ निर्माण कार्य गर्नुपर्नेमा आर्थिक वर्षको अन्तमा बजेट खर्च गर्न विद्यालयको खेल मैदानको स्वरुप विग्रने गरी विद्यालयको भवनलाइ मात्र घेरावार गरी साँगुरो हुनेगरी कम्पाउन्ण्ड वाल निर्माण गरी रु २६२१०७७। खर्च लेखनु उपयुक्त देखिदैन ।यस सम्वन्धमा पालिकासंग छलफला गर्दा तत्काल विद्यालयलाइ पुरै घेरावन्दी गर्न बजेट नभएकोले विद्यालयमा रहेका जिन्सी सामानको सुरक्षा गर्न र विद्यार्थीहरुको सुरक्षा बाहृय कोलाहालको नियन्त्रण गर्नको लागि कम्पाउन्डवाल निर्माण गर्नुपरेको भनाइ रहेको छ ।

४१ **बढि भुक्तानी** ५९,९६३

बढी भुक्तानीः १९।०७८।८।१६

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा खर्च पुष्ट्रिगर्ने बिलभर्पाई प्रमाण कागजात राख्नेपर्ने व्यवस्था छ ।रिद्धि निर्माण सेवालाई बाटो ढलान वापत रु.४५९६८५। खर्च गरेको छ । नापी किताव अनुसार ७४.१ मिटरको बाटो ढलानमा, १७.७८ घनमिटर भुक्तानी दिनुपर्नेमा २२.५५ घनमिटर दिएकोले बढी ४.६७ घनमिटर नभएको कामको प्रति घनमिटर रु.१२८४०। का दरले बढी भुक्तानी असुल गर्नुपर्ने रु.

४२ **फरक शिर्षकमा भुक्तानी तथा सोझै खरिद**

४२.१ शीर्षक भन्दा फरक प्रयोजनमा खर्च खर्च गर्दा शीर्षक मुताविक तोकिएको कार्यक्रममा खर्च गर्नुपर्नेमा कार्यालयले देहाय बमोजिम शीर्षक भन्दा फरक प्रयोजनमा खर्च गरेको देखिन्छ, यस्तो प्रवृतिको अन्त्य हुनुपर्दछ।

| **क्र.सं.** | **गोश्वरा भौचर नम्बर /मिति** | **बजेट शीर्षक** | **खर्च भएको शीर्षक** | **रकम** |
|---|---|---|---|---|
| १ | ३८। २०७८।८।७ | पारीश्रमीक कर्मचारी | करार सेवा शुल्क | ४६७०४०।०० |
| २ | ३६।२०७८।८।७ | करार सेवा शुल्क | पारीश्रमीक कर्मचारी | १२२९१३६।१० |
| ३ | ३१७।२०७९।३।२४ | सरसफाई शुल्क | करार सेवा शुल्क | ११९१३००।०० |
| जम्मा | | | | **२८८७४७६।००** |

४२.२ **सोझैखरिदः**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ। पालिकाले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै खरिद गरेको उदाहरण

| गो.भौ. र मिति | खरिद विवरण | सेवा प्रदायक | रकम |
|---|---|---|---|
| ८७।२०७८।९।२८ | सवारी साधन मर्मत | रिचा मोटर्स | ४९७०९७।०० |
| ११४।२०७८।१०।१ | मसलन्द तथा कार्यालय सामाग्री | राहुल स्टेशनरी | १३१०८०।०० |
| ११५।२०७८।१०।१ | मसलन्द तथा कार्यालय सामाग्री | त्रिदेव सप्लायर्स | १९४१२०।०० |
| १३७।२०७८।१०।२९ | मेशिनरी औजार मर्मत सम्भार तथा संचालन | पावर ईन्जिनियरिङ ट्रेड सेन्टर बाट जेनरेटर खरिद | ४९८०००।०० |

| | | | | |
|---|---|---|---|---|
| ४३ | | | **गै स स मार्फत कार्यक्रम तथा भुक्तानी दिन बाकीको विवरण नराखी गत आ व को भुक्तानी** | |
| ४३.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (1) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ । साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ । तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको, | १४१,८५८ |

नियमानुसारको कर कट्टी नगरेको, सम्झौतामा उल्लेख गरे अनुसारको लागत सहभागीता कट्टी नगरी लागत अनुमान बराबर रकम नै भुक्तानी गरेको अवस्था छ ।साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल बेगर भुक्तानी गरेको पाईयो । आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि तथा परामर्श सेवामा कट्टीहुने नियमानुसारको कर रकम कट्टी वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको रकम असुल गर्नु पर्ने रु

| क्र सं | गो भौ नं मिति | बजेट शिर्षक | संचालित कार्यक्रम | गै स स | लागत अनुमान | सम्झौता रकम | | | | कर कट्टी | | | जम्मा असूली |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पालिकाले व्यहोर्ने | गैससले व्यहोर्ने | गैस संस्थाले व्यहोरेको | नपुग रकम | कट्टी गर्नपर्ने | कट्टी गरेको | असुल गर्ने | |
| १ | ३४५। २०७९।३।२५ | कर्मचारी तालिम | जलवायूपरिवर्तन तथा वातावरणिय सरसफाई सम्बन्धी जनचेतना तालिम | ग्रामीण सामुदायिक विकास समाज महोत्तरी | ४९५१२५ | ४४५६१२ (९०%) | ४९५१२ (१०%) | ० | ४९५२१ | ७४२६८ | ३५२८८ | ३८९८० | ८८५०१ |
| २ | ३४८।२०७९। ३।२५ | दलित जनजातीहरुको आयमूलक तालिम | सर्फ बनाउने तालिम | पिछडा वर्ग विकास तथा अनुसन्धान केन्द्र | ४८००००० | ४००००० | ८०००० | ८०००० | ०० | ६०००० | ४६८९७ | १३१०३ | १३१०३ |
| ३ | ३२६।२०७९। ३।२४ | अगरबत्ती बनाउने तालिम | अगरबत्ती बनाउने तालिम | समाजकल्याण परियोजना विकास केन्द्र महोत्तरी | ५५४०००० | ४९९००० | ५५००० | ५५००० | ०० | ७४८५० | ३४५६९ | ४०२५४ | ४०२५४ |
| | | | | जम्मा | १४१८५८।०० | | | | | | | | |

४३.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१४) अनुसार भुक्तानी दिन बाँकीको विवरण आर्थिक विवरणको साथमा संलग्न गरी कोलेनिकाबाट प्रमाणित गरेर राख्नुपर्ने उल्लेख छ ।पालिकाले भुक्तानी दिन बाँकीको विवरण नराखीकन ७००,२८६

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>गत आ व को भुक्तानी गरेको रकम नियमीत गर्नुपर्ने रु
<table>
<tr><td>गो भौ नं मिति</td><td>भुक्तानी दिएको विवरण</td><td>रकम</td></tr>
<tr><td>३४९।२०७९।३।२५</td><td>मा वि बनौली किशोरीहरुलाई स्यानिटरी प्याड</td><td>४९९७२।००</td></tr>
<tr><td>४५।२०७८।८।२२</td><td>सेवा परामर्श</td><td>३६००००।००</td></tr>
<tr><td>२८।२०७८।७।१५</td><td>करार सेवा शुल्क</td><td>२८२३१४।००</td></tr>
<tr><td>२९।२०७८।७।१५</td><td>भ्रमण खर्च</td><td>८०००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७००२८६।००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४४</td>
<td>७७</td>
<td>२०७८-९-२२</td>
<td>भौचर पेश नभएको<br><br>आर्थीक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले पेश गरेको बैक नगदि किताबमा गो भौ नं ७७।२०७८।९।२२ बाट गाडी भाडा वापत रन्जु देवी महतोलाई रु २१४०००।०० भुक्तानी गरिएको देखिएकोमा उक्त खर्चलाई पुष्ट्रयाई गर्ने श्रेस्ता कागजातको प्रमाण पेश नभएकोले उक्त खर्चलाई एकिन गर्न सकिएन।</td>
<td>२१४,०००</td>
</tr>
<tr>
<td>४५</td>
<td></td>
<td></td>
<td>बरबुझारथ नभएको जिन्सी समाग्री<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयले आवश्यकता भन्दा बढी जिन्सी सामग्री खरिद गर्न नहुने व्यवस्था छ। गाउँपालिकाले आवश्यकता भन्दा वढी जिन्सी सामग्री खरिद गरेको, सहायक जिन्सी खातामा हस्ताक्षर नगरी जिन्सी सामाग्री प्रयोग गर्ने गरेको, कार्यकाल समाप्त भएका तथा सरुवा अवकाश भै सकेका पदाधिकारी तथा कर्मचारीबाट जिन्सी सामाग्री बरबुझारथ नभएको, एउटै कर्मचारीलाई एक भन्दा वढी जिन्सी सामग्री हस्तान्तरण गरेको देखियो। कर्मचारीको कार्य प्रकृति अनुसार जिन्सी सामग्रीको आवश्यकता पहिचान गरेर सामग्री हस्तान्तरण गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ।अवकाश सरुवा तथा</td>
<td>१,५७७,४५३</td>
</tr>
</table>

एक भन्दा वढी सामग्री लिएका कर्मचारीबाट उक्त सामग्री अथवा सो बराबरको रकम असुल गर्नुपर्दछ रु

| **कर्मचारीको नाम** | **जिन्सी सामग्री** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| अध्यक्ष विक्रम चौधरी | ल्यापटप(१ थान) | | पूर्वपदाधिकारी |
| | Asus-i5 | १४३०००।०० | |
| | मोबाईल (१५ थान) | ४३६७४१।०० | |
| | Redmi ४ थान | | |
| | Samsung A-9 १ थान | | |
| | Samsung A-705 १ थान | | |
| | Mi-Redmi K2 pro२ थान | | |
| | Mi-Redmi K20 8 १ थान | | |
| | Mi-Redmi Note-9 २थान | | |
| | Samsung-J2 १ थान | | |
| | Vivo-Y51 १ थान | | |
| | Samsung M-01 १थान | | |

| | | | |
|---|---|---|---|
| | Samsung M-02 १थान<br><br>Stand Fine(२ थान)<br><br>Refrizeneretor LG model no GLB205ABPB ( १थान)<br><br>Washing Machine LG model no T2108VSAX (१थान)<br><br>cooler (१थान)<br><br>CCTV Camera (७ थान)<br><br>जम्मा | १२०००।००<br><br>५७१००।००<br><br>६८४८७।००<br><br>१८५७८।००<br><br>१५४९६४।००<br><br>८९०८७०।०० | |
| वडा अध्यक्ष ब्रम्हदेव यादव | मोबाईल २ थान | ५६८१३।०० | पूर्वपदाधिकारी |
| वडा अध्यक्ष अरुण ठाकुर | ल्यापटप १ थान | ९९४४०।०० | पूर्वपदाधिकारी |
| वडा सदस्य शान्तीदेवी | मोबाईल १ थान<br><br>साईकल १ थान | १४६९०।००<br><br>६३००।०० | पूर्वपदाधिकारी |
| वडा सदस्य सानो देवी | मोबाईल १ थान | १४६९०।०० | पूर्वपदाधिकारी |

| | | | |
|---|---|---|---|
| | साईकल १ थान | ६३००।०० | |
| वडा सदस्य अनिता देवी | मोबाईल १ थान<br>साईकल १ थान | १४६९०।००<br>६३००।०० | पूर्वपदाधिकारी |
| वडा सदस्य जागो देवी | मोबाईल १ थान<br>साईकल १ थान | १४६९०।००<br>६३००।०० | पूर्वपदाधिकारी |
| वडा सदस्य जयनारायण दास | मोबाईल १ थान<br>साईकल १ थान | १४६९०।००<br>६३००।०० | पूर्वपदाधिकारी |
| वडा सदस्य चन्दर ठाकुर | मोबाईल १ थान<br>साईकल १ थान | १४६९०।००<br>६३००।०० | पूर्वपदाधिकारी |
| वडा सदस्य राम आशिष मंडल | मोबाईल १ थान<br>साईकल १ थान | १४६९०।००<br>६३००।०० | पूर्वपदाधिकारी |
| वडा सदस्य रामदयाल पासवान | मोबाईल १ थान | १४६९०।०० | पूर्वपदाधिकारी |
| वडा सदस्य महेन्द्र यादव | मोबाईल १ थान<br>साईकल १ थान | १४६९०।००<br>६३००।०० | पूर्वपदाधिकारी |
| वडा सदस्य योगेन्द्र यादव | मोबाईल १ थान<br>साईकल १ थान | १४६९०।००<br>६३००।०० | पूर्वपदाधिकारी |

| | | | |
|---|---|---|---|
| कार्यपालिका सदस्य रामबाबु नायक | मोबाईल १ थान<br>साईकल १ थान | १४६९०।००<br>६३००।०० | पूर्वपदाधिकारी |
| वडा सदस्य शिवरती देवी | मोबाईल १ थान<br>साईकल १ थान | १४६९०।००<br>६३००।०० | पूर्वपदाधिकारी |
| वडा सदस्य ताराकान्त झा | मोबाईल १ थान<br>साईकल १ थान | १४६९०।००<br>६३००।०० | पूर्वपदाधिकारी |
| वडा सदस्य राधा देवी दास | मोबाईल १ थान<br>साईकल १ थान | १४६९०।००<br>६३००।०० | पूर्वपदाधिकारी |
| सब इन्जिनियर श्याम किशोर मंडल | क्यामेरा १ थान<br>ल्यापटप १ थान<br>मोबाईल १ थान | २७९६७।००<br>११००००।००<br>२७०००।०० | सरुवा भै गएको |
| | जम्मा | १५७७४५३।०० | |

४६

**अन्य कार्यालयको खर्च**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा.... मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार ब्यक्तिबाट यस्तो खर्च असुल उपर गर्न सकिने ब्यवस्था छ । पालिकाले छुट्टै अस्तित्व र बजेट ब्यवस्था भएको कार्यालयहरुलाई निम्नानुसार भुक्तानी दिएको देखिन्छ।यसरी पालिकाले विनियोजित बजेट अन्य कार्यालयको प्रयोजनमा खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्नदछ ।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो भौ नं।मिति</td><td>कार्यालय</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>४८।२०७८।८।२५</td><td>जिल्ला प्रहरी कार्यालय महोत्तरी</td><td>२ थान AC खरिद वापत</td><td>१७७५००।००</td></tr>
<tr><td>२१८।२०७९।३।१६</td><td>ईलाका प्रहरी कार्यालय सहोडवा</td><td>सवारीसाधन सम्बन्धी सामाग्रीखरिद वापत</td><td>८३५५४।००</td></tr>
<tr><td>१२५।२०७८।१०।६</td><td>शसस्त्र प्रहरी बल नेपाल महोत्तरी</td><td>प्रिन्टर</td><td>३६१६०।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२९७२१४।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td>१८</td><td>२०७८-७-१०</td><td>
विलम्ब शुल्क<br><br>
कार्यालयले धारा विजुली विल तथा सवारी साधन नविकरण समयमा तिरी संस्थाले उपलब्ध गराएको छुटको सुविधा लिनुपर्नेमा ढिलो गरी भुक्तानी गर्दा विलम्ब शुल्क समेत तिर्नु परेकाले विलम्ब शुल्क नतिर्ने गरी आन्तरिक नियन्त्रण प्रणाली बनाउनु पर्नेछ ।
<table>
<tr><td>गो भौ नं मित</td><td>विलम्ब शुल्क</td><td>कैफियत</td></tr>
<tr><td>१८।२०७८।७।१०</td><td>६९९२९३।००</td><td>नेपाल विध्युत प्राधिकरणलाई वि सं २०७४ पुष देखीको वक्यौता रकम जरिवाना समेत भुक्तानी</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>
सामाजिक सुरक्षा<br><br>
सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले निम्नानुसार ३ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकमको हाल सम्म खर्चको विवरण पेश गरेको देखिएन । सामाजिक सुरक्षा भत्ता हरेक त्रैमासिक निकास दिदाँ
</td><td></td></tr>
</table>

अघिल्लो त्रैमासिकको फर्स्यौट गरेर मात्र निकास गर्नुपर्नेमा तीन वटै किस्ताको रकम निकास गरेकोमा हाल सम्म त्यसको रिभर्स फिड,फ्रिज भएका खाताको विवरण तथा ग्राहक पहिचान नगरेका खाताहरुको वितरण समेत पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने

| बैकको नाम | पहिलो किस्ता | दोस्रो किस्ता | तेस्रो किस्ता | चौथो किस्ता | कुल निकासा |
|---|---|---|---|---|---|
| बाणिज्य बैंक (६) | ६३६९४८६ | ६२६४४४८ | ६४९६२०८ | ६६१५६५९ | २५७४५८०१ |
| सिटिजन बैंक(५,७) | १६५८२१६० | | ९१५०९५७ | ९६६७३३९ | ३५४००४५६ |
| एभरेष्ट बैंक(१-४) | ३४८३३६१८ | | १८१४०१६२ | १८५९६०६२ | ७१५६९८४२ |

४९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा २ योजना सञ्चालन गरी यस वर्ष ६७ जनालाई औसत १५ दिनले ९८५ दिन रोजगारी उपलव्ध गराई रु.५६८३४५। श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।

<table>
<tr><td>५०</td><td></td><td></td><td>बढी भुक्तानी<br><br>१४४।०७९।३।२३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को ३९ अनुसार प्रमाण कागजातमा आधारमा खर्च गर्नुपर्ने उल्लेख छ । जनप्रतिनिधिहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रमको लागि व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा शीर्षकबाट कार्यक्रम सञ्चालन गरेकोमा संलग्न विल भर्पाई परीक्षण गर्दा रु.१०२०५०।को भुक्तानीमा रु.४२८५०।को मात्र विल भर्पाई रहेकोले बढी भुक्तानी रु.५९२००। असुल गर्नुपर्ने रु.</td><td>५९,२००</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>लघु उद्यम विकास कार्यक्रम<br><br>गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले सिलाई मेसिन रु.७०००००। मा ५० थान जलेश्वर नाथ ट्रेडर्सबाट खरिद गरेकोमा उद्यमिहरुलाई प्रविधि हस्तान्तरण गर्दा २० प्रतिशतले हुन आउने रु. १४००००। असुल हुन बाकी देखिन्छ। निर्देशिका अनुसार ८० प्रतिशत भुक्तानी गर्नु पर्नेमा शत प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत सम्वन्धित लघु उद्यमीबाट असुल गरी सङ्घीय सञ्चितकोष दाखिला गर्नु पर्ने रु.</td><td>१४०,०००</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>नन्फाईलर तथा कर छुट</td><td></td></tr>
<tr><td>५२.<br>१</td><td></td><td></td><td>नन्फाइलर – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>गो भौ नं मिती</th><th>भुक्तानी पाउने फर्मकोनाम</th><th>प्यान नं</th><th>मु अ कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>६५।२०७८।९।५</td><td>अमन मिडिया सर्भिर</td><td>३०४२१२१८३</td><td>२२०८०।००</td><td></td></tr>
<tr><td>७९।२०७८।९।२२</td><td>कम्प्यूटर आई टी ट्रेड प्रा लि</td><td></td><td>११०५०।००</td><td></td></tr>
</table></td><td>१३२,५१२</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८०|२०७८|९|२२</td><td>माता जानकी ट्रेडर्स</td><td>६१४१६०६६०</td><td>८५०८|००</td><td></td></tr>
<tr><td>८१|२०७८|९|२३</td><td rowspan="2">न्यू नन्दनी ट्रेडर्स</td><td rowspan="2">६१३१३२४९७</td><td>५७०६४|००</td><td></td></tr>
<tr><td>१२६|२०७८|१०|६</td><td>११३०३|००</td><td></td></tr>
<tr><td>९३|२०७८|९|३०</td><td>लिम्पिड आई सि टी सोलुशन</td><td>६०६५४७१२३</td><td>१२३८३|००</td><td></td></tr>
<tr><td rowspan="2">२८६|२०७९|३|२४</td><td>सदिक्षा एण्ड समिक्षा मिडिया</td><td>६१००६५८०८</td><td>५०६२|००</td><td></td></tr>
<tr><td>साउन मिडिया प्रा लि</td><td>६१०२३८०३९</td><td>५०६२|००</td><td></td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>१३२५१२|००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२.२</td><td></td><td></td><td>छुट कर: पालिकाले सेवा परामर्श शिर्षक बाट अधिवक्ता विजय कुमार ठाकुरलाई परामर्श सेवा वापत वार्षिक रु ४५५८८०|०० भुक्तानी गरेकोमा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टी गरेकोले नपुग १४ प्रतिशत पारिक्षमिक कर असुल गर्नुपर्ने रु ६३८२३|००</td><td>६३,८२३</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>आन्तरिक आय</td><td></td></tr>
<tr><td>५३.१</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ र ५८ बमोजिम लगाउनु पर्ने कर पालिकाले लगाएको देखिएन । पालिकाले व्यवसाय कर,मनोरञ्जन कर तथा सवारी साधन करलाई व्यवस्थित गरेर अभिलेख राखी करको दायरा बढाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५३.२</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुल</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>भुमिकर/मालपोत</td><td>१०००००००.</td><td>३३३७२०६.६१</td><td>33.4</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वहाल विटौरी कर</td><td>१००००००००.</td><td>०</td><td>0.0</td></tr>
<tr><td>सिफारिश दस्तुर</td><td>८८९३६६१.७</td><td>०</td><td>0.0</td></tr>
<tr><td>व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>२५०००००.</td><td>०</td><td>0.0</td></tr>
<tr><td>नाता प्रमाणित दस्तुर</td><td>२५०००००.</td><td>०</td><td>0.0</td></tr>
<tr><td>अन्य राजस्व</td><td>१५०००००००.</td><td>४०५६०३०.५</td><td>27.0</td></tr>
<tr><td>व्यवसाय कर</td><td>५००००००.</td><td>०</td><td>0.0</td></tr>
<tr><td>जम्मा</td><td>५३८९३६६१.७</td><td>७३९३२३७.११</td><td>13.7</td></tr>
</table>
<br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>सम्झौता भन्दा बढी भुक्तानी ४।०७८।७।३० सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन,विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । मोहिदिनको घरदेखि शिवमन्दिर पिसिसि उपभोक्थाबाट १७६ मिटरको प्रतिमिटर रु.९१८६।३५ का दरले रु.१६१६७९८। को लागत अनुमात तयार गरेकोमा उपभोक्ता समितिले पेश गरेको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदनमा रु.१६१९०२१।५६ बराबरको मूल्याङ्कन गरी रु.१४५५०००। खर्च लेखेको छ । सम्झौता बमोजिम १७६ मिटर पिसिसि गर्नुपर्नेमा १६१ मिटर गरेकोले १५ मिटर प्रतिमिटर रु.९१८६।३५ को दरले रु.१३७७९६। बराबरको बढि मूल्याङ्कन गरी भुक्तानी गरेकोले बढी भुक्तानी सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु</td><td>१३७,७९६</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>पिपरा बजारमा सटर निर्माण<br><br>४९।०७८।९।२३ आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा खर्च पुष्ट्रिगर्ने बिलभर्पाई प्रमाण कागजात राख्नेपर्ने व्यवस्था छ । पिपराबजार सटर निर्माण उपभोक्ता समितिलाई प्रथम विल रु.३२०३०४१ र दोस्रो बिलको रु.१४८२२६२।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | समेत रु.४८६९०४७। मूल्याङ्कन गरी ११ प्रतिशत उपभोक्ता समितिको योगदान कट्टा गरी रु.४३३१९९१। भुक्तानी गरेको छ । | |
| ५५. १ | | | सटर भवनमा प्रथमविलमा ढुङ्गा छाप्नेकाम(५०*८.२०*.१५) ६१.५० घनमिटरको प्रतिघनमिटर ३२२८। का दरले रु.२०४६७२। मूल्याङ्कन गरे पछि पुन सोही स्थानमा (४९.७५*८.२०) ४०७.९५ वर्गमिटर ईट्टा सोलिङ्ग गरी प्रति वर्गमिटर रु.७६४.८६ का दरले रु.३१२०२४। दोहोरो पारी उपभोक्तालाई भुक्तानी गरेको असूल गर्नुपर्ने रु. | ३१२,०२५ |
| ५५. २ | | | **माटोपूर्ने कामः** सटर भवनमा निर्माण माटो खन्ने काम ५९४.५ घनमिटर भएकोमा प्रति घनमिटर ५१५.५२ दरले रु.३०६४७७। मूल्याङ्कन गरेको छ । माटो पुर्ने काममा खनेको माटो ५९४.५ घनमिटर कट्टा गरी पुरेको ५९९.७६ घनमिटर पुरी बाँकी रु.५.२ घनमिटरको प्रति घनमिटर रु.१८४.११ दरले रु.९५७.३७ मूल्याङ्कन गर्नुपर्नेमा माटो ५९९.७० घनमिटरको रु.११०४१०.२७ भुक्तानी गरेकोले नल्याएको माटोको ५९४.५ घनमिटरको प्रतिघनमिटर रु.१८४.११ नपाउने हुँदा असुल गर्नुपर्ने रु. | १०९,४५३ |
| ५५. ३ | | | संरचना उपयोगः सटर भवनको कुल लागत अनुमान रु.४८६८५६६। गरी दोस्रो विल सम्म रु.४८६९०४७। मूल्याङ्कन गरी कार्यसम्पन्न गरेको पाईएन । जग्गा र मापदण्ड विवादले अदालतबाट हटाउन निर्देशन भएको जानकारी आएकोले निर्माण गराउन बजेट राख्ने र उपयोगको अवस्था विना संरचना हटाउन रोक लगाएको अवस्थाले स्रोतको उपयोग हुन नसकेकोले उपयोगमा ल्याउनु पर्ने रु | ४,८६९,०४८ |